# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ४१, २०७९ जेष्ठ १० मंगलवार (Jhuleni Post Weekly) 24 May 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


## प्युठानमा सबै पालिकाको मतगणना सकियो दुई पालिकामा गठबन्धनको गाँठो फुस्कियो




**मधुसुधन पोख्रेल**

**झुलेनी पोष्ट, प्यूठान**


जिल्लाको ९ पालिका र ६४ वडाको नतिजा सार्वजनीक भएको छ । निर्वाचनमा होमिनु अघि सत्ता साझेदार दलहरुले एमाले ईतरको चुनावी गठबन्धन गरका थिए । केहि स्थानीय तहमा र वडाहरुमा गठबन्धनले बाँधेको गाँठो फुस्किएको छ । जिल्लामा ९ पालिका मध्य एमालेले नौबहिनी र सरुमारानी गाउँपालिकामा गठबन्धनलाई पछि पार्दै जित हात परेको छ।

नेपाली काँग्रेसले गौमुखी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, ऐरावती गाउँपालिकामा प्रमुख पदमा जित हाँसिल गरेको छ भने माओवादी केन्द्रले प्यूठान नगरपालिका, माण्डबी गाउँपालिका र झिमरुक गाउँपालिकामा नेतृत हात पारेको छ । प्यूठान नगरपालिकामा माओवादी केन्द्रका विष्णु योगी नगरप्रमुखमा निर्वाचित भएका छन । उप प्रमुखमा नेपाली काँग्रेसका देवन्द्र बर्मा निर्वाचित भएका छन । त्यस्तै नगरपालिकाका वडा नम्बर १ मा साधना रावत नेपाली काँग्रेस, २ मा मोहन विष्ट ने.का, ३ मा सुमन श्रेष्ठ मा.के, ४ मा रेशम कार्की एमाले, ५ मा नन्दराम पुन राजमो, ६ मा एन. पी. मगर ने.का, ७ मा नेत्र बहादुर के.सी. ने.का, ८ मा पदम बहादुर थापा एमाले, ९ विकास के सी मा.के र १० मा लोक बहादुर के.सी. स्वतन्त्र विजयी भएका छन।

त्यस्तै स्वर्गद्धारी नगरपालिकामा नगर प्रमुखमा टेक प्रसाद भण्डारी ने.का बाट विजयी भएका छन भने उप प्रमुखमा राजमोका मिनराज रानामगर विजयी भएका छन। वडा पालिकामा भने १ मा मा.के.का मेघ राज जिसी, २ मा राजमोका बुद्दिराम पुन, ३ मा एमालेका कृष्ण रोका, ४ मा ने.का.का सुमन श्रेष्ठ, ५ ने.का.का गिर बहादुर घर्ती मगर, ६ गिर बहादुर गुरुङ, ७ मा सुरज घर्ति मगर स्वतन्त्रबाट र ८ मा राजमोका खोप बहादुर पुन निर्वाचित भएका छन।

ऐरावती गाउँपालिकामा अध्यक्षमा नविल विक्रम शाह ने.का. र उपाध्यक्षमा राजमोका कृष्ण प्रसाद श्रेष्ठ विजयी भएका छन । वडामा १ मा अमर रेश्मी नेका, २ मा भिमेश घर्ती मगर मा.के., ३ मा पदम बहादुर जिसी एमाले, ४ मा शंकर बहादुर भण्डारी ने.का, ५ मा चन्द्र बहादुर रोका ने.का. र ६ मा भरत खड्का राजमोबाट निर्वातिच भएका छन । ऐरावतीमा राजमो र नेपालि कङग्रेसको तालमेल भएको थियो।

यसैगरी मल्लरानी गाउँ पालिकामा पालिका अध्यक्षमा राजमोका कृष्ण खड्का विजयी भएका छन। उपाध्यक्षमा ने.का.का रमेश कुमार श्रेष्ठ विजयी भएका छन । त्यस्तै वडा १ मा चिन्त बहादुर

**बाँकी ५ पेजमा**


## हार्दिक बधाई तथा शुभकामना







यस झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.का सञ्चालक समितिका सदस्य श्री **नोमराज पौडेल** मल्लरानी गाउपालिका वडा नं ३ को वडाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवं झुलेनी युनाइटेड नेटवर्क परिवार**

**प्यूठान नगरपालिका ४ बिजुवार, प्यूठान**


## हाम्रो नजर

## बल्ल पुरिए सडकका खाल्डा




*दशैं अगाडि भालुवाङ प्यूठान सडक खण्डको रातामाटादेखि बागदुलासम्म पिच गर्नको लागि खाल्डा खनिएको थियो । यी खाल्डा ८ महिना पछि बल्ल पुरेर पिच गरिएका छन् । झन्डै एक वर्ष सडकमा उडेको धुलोले बजार क्षेत्रका स्थानीयले हैरानी व्यहोररहेका थिए । दुर्घटनाको यत्तिकै जोखिम थियो । प्यूठानमा रहेको सडक डिभिजन कार्यालय रहनेकी नरहने भन्ने कुराको अन्यौलले गर्दा सयममै काम गर्न समस्या परेको निर्माण व्यवसायीले बताएका छन् । निर्माण व्यवसायीका अनुसार अब एक दुई दिनमै खाल्डा पुरेर पिच गर्ने सबै काम सकिने छन् । कार्यालय प्यूठानको माण्डबी जस्पुरमै रहने कुराको ग्यारेन्टी भएर कर्मचारी आएपछि कार्यालयले काम अगाडी बढाएको छ । कार्यालय अन्तर्गत ठेक्का लिएका सबै निर्माण व्यवसायीलाई ताकेता पारेर काम गर्न लगाइएको सडक डिभिजन कार्यालय प्यूठानका लेखा अधिकृत झगबहादुर दसौदीले जानकारी दिए । बिजुवार, बागदुला, जुम्री क्षेत्रमा सडक मर्मतको काममा भएको ढिलाइले स्थानीयलाई निकै सास्ती भएको विषयमा कार्यालय गम्भीर बनेको दसौदीले बताए । यो विषय निर्माण व्यवसायीलाई निकै ताकेता पारेको उनले बताए । ढिलै भएपनि सडकका खाल्डा खुल्डी पुरेर सडक पिच भएकोमा यस क्षेत्रका स्थानीयले राहत पाएका छन् ।*

## फाँट जोगाउन परेन कसैको नजर



*प्यूठानमा केही वर्ष अघिसम्म मुरी/रोपनीमा बेचबिखन बेचिने गरिने झिमरुक फाँटको खेत हिजोआज हात, मिटरमा बिक्रि वितरण हुँदै आइरहेको छ । मानो रोपी मुरी फल्ने खेति योग्य जमिन प्लटिङ गरी घडेरी बनाएर बेच्ने क्रम रोकिएको छैन् । पहाडबाट बसाईसराई गरि बेसी झर्ने र बिदेशबाट कमाएर ल्याएको पैसाले सबैभन्दा पहिले किन्न भनेकै घडेरी बनेको छ । किसानसँग खेत वा बारी किनेर हातमा कित्ता काट गरेर घडेरीहरु धमाधम बन्ने क्रम जारी छ । सरकारले जग्गा जमिनको कित्ता काट रोकेको छ तर अनेक विकल्प अपनाएर बित्री भने रोकिएको छैन् ।*

*बागदुला, बिजुवार, टारी, जुम्री तथा क्वाडी बजार क्षेत्र नजिक भएका ठाउँहरुमा खेती योग्य जमिन प्लटिङका कारण दिनानुदिन मासिदै गएको छ । खेती योग्य जमिन प्लटिङमा परिणत हुनु, खेती गर्ने व्यक्तिहरु बिदेश जानुका कारण वर्षेनी खेती योग्य जमिन मासिदै गएको हो । मानो रोपेर मुरी दिने खेतलाई घडेरीमा रुपान्तरण गरेर दिनानुदिन खेत मासिनाले जिल्लाका गम्भिर खाद्य संकट पर्न सक्छ । विकास आजलाई मात्र होइन भोलीलाई पनि चाहिन्छ । झिमरुक फाँट रोगाउन तर्फ सरोकारवाला निकायको नजर परोस् ।*

**झुलेनी पोष्ट**
**सम्पादकीय....**

## लिंगीय सन्तुलनको विषय ख्याल गरौं

*गणतान्त्रिक संविधान जारी भए पश्चात् स्थानीय निकायको दोस्रो कार्यकालको निर्वाचन सफलता पूर्वक सम्पन्न भएको छ । निर्वाचनको परिणामहरु आइरहेको छ । यो निर्वाचनको मत परिणामहरु हेर्दा पहिलेको भन्दा फरक छैन ।*

*२०७४ सालको स्थानीय निकायको निर्वाचन खास कारणले चर्चामा थियो प्रचण्डले आफ्नी छोरीको सहज जित सुनिश्चित गर्न भरतपुर महानगरमा गठबन्धनका लागि कांग्रेस सभापति देउवालाई सहमत गराएको विषय । त्यसले चौतर्फी चर्चा थियो । मत पत्र च्याथ्ने सम्मको घटना समेत घटेको थियो । त्यसले आलोचना र निन्दा निम्त्याएको थियो । त्यसैको प्रतिफल, देशभरका मतगणना केन्द्रहरुमा अहिले तारजालीको व्यवस्था गरेर मतगणना गरियो । यसपालि भने त्यस बेलाको झैं मतपत्र च्याथ्ने घटना अझै कतै भएका छैनन् । घटेका छैनन् । यो निर्वाचनमा देशभरका पालिकाहरूबाट सबै राजनीतिक दलले आ-आफ्नो धरातल नाप्ने अवसर पाए । यसबाट संसदको परिणाम त्रिशंकु हुने प्रक्षेपण भयो । नेपाली कांग्रेस पहिलो, नेकपा एमाले दोस्रो र नेकपा माओवादी तेस्रो शक्तिका रूपमा अंकित हुने प्रारम्भीक मतपरिणामहरुले देखाइसकेको छ । यो निर्वाचनमा भएको गठबन्धनले कांग्रेसलाई दोस्रोबाट पहिलो शक्ति बनाएको छ ।*

*दोस्रो पटक गाँसिएको लगनगाँठो नफुस्कियोस् भन्नेमा देउवा सचेत छन् । किनभने यो गठबन्धन संसदीय निर्वाचनमा समेत भयो भने कांग्रेस पहिलो पार्टी बन्ने पक्का जस्तो भएको छ । स्थानीय सरकारका लागि भएको चुनावमा दुई ठूला दलहरुले नै गठबन्धन गरेपछि नागरिक समुदायबाटै यस्तो प्रवृत्तिको विरोध भइरहेको छ । स्वतन्त्र छनोटको अधिकारलाई कुण्ठित गरिएको छ । गठबन्धनकै कारण शीर्ष दुई पदमा संविधानले परिकल्पना गरेको लिंगीय सन्तुलनमा समेत असर परेको छ । गठबन्धनका कारण देशभरबाट प्रमुख र उपप्रमुखमा महिला निकै कम निर्वाचित भएका छन् ।*

# महिला सहभागिता हर क्षेत्रमा चुनौतीपूर्ण



**सुशीला शर्मा**

लैंगिक अधिकारका सवाल स्थापित गर्न राजनीतिको भूमिका महत्त्वपूर्ण हुन्छ। तर, राजनीतिमा महिलाको उपस्थिति बलियो हुन सकेको छैन। राजनीति होस् वा कुनै क्षेत्र, महिला सहभागिताका लागि सामाजिक-सांस्कृतिक व्यवधान पर्खाल बन्ने गर्छन। समाजमा महिला हिंसा तथा विभेद व्याप्त छ।

नेपालमा जहानियाँ राणा शासनविरुद्धको आन्दोलनका बेलादेखि नै महिलाहरू प्रत्येक राजनीतिक तथा सामाजिक विद्रोहमा सशक्त रूपमा संलग्न छन्। कानुनतः महिलाका अधिकार र सहभागितालाई पनि सुनिश्चित गरिएको छ। राजनीतिक दलहरूले कनीकुथी कानुनी प्रावधान पूरा गर्न वा देखाउनकै लागि भए पनि महिलालाई आफ्ना गतिविधिमा



सहभागी गराउँछन्। तर, प्रमुख पदहरू भने महिलाको भागमा पर्दैनन्। यस पटकको स्थानीय तह चुनावमा पनि महिलालाई कार्यकारी भूमिकामा ल्याइएन।

अघिल्लो स्थानीय निर्वाचनमा विभिन्न पदमा रहेर काम गरिसकेका महिला प्रतिनिधिहरूलाई यो पटक जिम्मेवारी दिइएन। अनुभव बटुलिसकेका महिलालाई पनि दलहरूले टिकट दिएनन्। गठबन्धनका नाममा भाग मिलाउँदा, महिला प्रतिनिधित्व नै पहिलेका तुलनामा कम भयो। राजनीतिमा मात्र होइन, अन्य क्षेत्रमा पनि महिलाको हालत उस्तै छ।

सामुदायिक विद्यालयमा थुप्रै वर्षदेखि पढाइरहेकी, मैले चिनेकी एक शिक्षिकाको शैक्षिक योग्यता, अध्यापन अनुभव लगायतले प्रधानाध्यापक हुने योग्यता पुग्छ। उनी प्रधानाध्यापकको दाबेदारका रूपमा आफूलाई प्रस्तुत गर्न तयार भइन्, गरिन् पनि। तर, विद्यालयको व्यवस्थापन समितिका सदस्यहरू, समाजका अगुवा तथा राजनीतिक दलका स्थानीय नेताहरूले उनको साहसलाई फिटिक्कै रुचाएनन्। हरतरहले उनलाई असहयोग र अस्वीकार गरिरहे। हुन त, उनको चिनजान समाजका गण्यमान्यहरूसँग राम्रै छ, पहुँच पनि छ। परिवारका सदस्य त्यसमा पनि विशेष गरी श्रीमान्ले उनको पेसालाई समर्थन नै गर्छन्। तैपनि महिलालाई निर्णायक तहमा हेर्न चाहँदैन या कमजोर ठानेर भरोसा गर्दैन हाम्रो पुरुषप्रधान समाज। उनले आम महिलाले जस्तै भातभान्साका सारा काम गर्दै, निकै दौडधुप गरेर थकान सहेरै उक्त स्थान हासिल गरेकी हुन्। देशभरि यस्ता महिला कति होलान् !

केहीअघि राजधानीमा भएको पुस्तक विमोचन कार्यक्रमा एक शिक्षित र सरकारी जागिरे महिलाले भन्दै थिइन्, 'राजनीतिमा आउन महिलाहरूको आर्थिक पक्ष निकै बलियो हुनु जरुरी छ।' उनको तर्क थियो- वडा सदस्य होस् या अध्यक्ष-प्रमुख पद, महिला उम्मेदवारहरूले चुनाव लड्न लाखौं रुपैयाँ खर्च गर्नुपर्छ। त्यसमाथि सम्पत्तिको स्वामित्व पनि नभएका, कमाइ पनि कम भएका महिलालाई त राजनीतिमा आउन झनै कठिन छ। उनको यस्तो भनाइ केही हदसम्म सही हो। महिला, विशेष गरी निम्नवर्गीय महिलाहरूले राजनीतिमा आउन आर्थिक रूपमा बलियो हुनुपर्छ। तर, दुई छाक टार्न, विद्यालय-कलेज जान पनि निकै धौ-धौ भइरहँदा, आर्थिक रूपमा कसरी मजबुत हुने भन्ने प्रश्न उठ्छ।

गाउँठाउँमा अहिले सहकारी लगायतका आर्थिक कारोबार गर्ने संस्थाहरू थुप्रै छन्। महिला यस्ता संस्था-समूहमा सक्रिय छन्। कतिपय स्थानमा त महिलाको नाममा भएका समूहहरू निरक्षरता र आवश्यक तालिमकै अभावमा पुरुष सदस्यले चलाइदिएका उदाहरण पनि छन्। वित्तीय संस्थाहरूमा महिलाहरू सहभागी हुँदा बचतको महत्त्वबारे केही न केही बुझेकै छन्। तर त्यही बचत पनि श्रीमान्ले या अरू कसैले दिएमा मात्र गर्नुपर्ने स्थिति छ। आम्दानीका स्रोत नै नभएकाले बचतको शाब्दिक अर्थ नै नबुझ्ने महिलाहरू पनि हाम्रै समुदायमा छन्। आर्थिक अवस्था सुदृढ हुनका लागि रोजगारीका बाटाहरू खुल्नुपर्ने हो। कृषि नै आधार मानेर, महिलाको उत्पादकत्व र आर्थिक उपार्जन बढाउन जमिनमा स्वामित्व बढाउनुपर्छ। जमिन नै नहुने महिलाका लागि खेर गैरहेका वा प्रयोगमा नआएका जमिनमा व्यावसायिक खेती गर्न प्रोत्साहन गर्न सकिन्छ। यसले महिलाको आर्थिक वृद्धि हुने र सामाजिक-राजनीतिक गतिविधिमा उपस्थिति पनि बढ्ने थियो।

महिलाहरूलाई शैक्षिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा सम्मानजनक उपस्थिति गराउनु अहिलेको आवश्यकता हो। त्यसका लागि उनीहरूको आर्थिक अवस्था उकास्न तथा रोजगारी क्षमता बढाउन विभिन्न सीपमूलक तालिम दिन सकिन्छ। त्यस्तै महिला शिक्षामा पनि ध्यान दिनुपर्छ। समाजमा विद्यमान लैंगिक विभेदले पनि महिलाहरूलाई अघि बढ्नबाट रोकिरहेको छ। राजनीतिमा महिलाहरूको सक्रियताले महिलाका समस्यालाई निराकरण गर्दै लैजान सकिन्छ।

**साभार कान्तिपुर**


## नगरबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# कहाँ हुनु आर्थिक संकट ?

***'श्रीलंकाबाट के सिक्न सकिन्छ भने, आफूले भ्रष्टाचार गरेर अरूलाई भ्रष्टाचारी भन्ने संस्कृतिलाई संस्थागत गरे, दिगो विकासका विषयमा नसोचे र निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय मापदण्डमा होइन राजनीतिको आडमा चल्ने बनाए, संकट आएर भ्वाक्क हान्न समय चाहि नलाग्ने रहेछ ।'***






**सुजीव शाक्य**

केही साताअघि एउटा भोजमा सिंगल माल्ट ह्वीस्कीको चुस्की लिँदै एक साथीले मलाई आर्थिक संकटका विषयमा सोधे । मैले भनें, 'नेपालमा साँच्चै आर्थिक संकट भएको भए तिमी यो महँगो ह्वीस्की खानुको सट्टा जिम्वाबे र भेनेजुएलामा झैं चामल वा पेट्रोलको लाइनमा हुन्थ्यौ ।'

नेपालमा 'नराम्रो खबर' लाई मानिसहरूले मन पराउने गर्छन् र त्यसैमा व्यवसाय पनि फस्टाउने गर्छ । एकताका नेपाल 'खत्तम भयो' यानि 'फेल्ड स्टेट' हुन लाग्यो भनेर यसका अभियन्ता जन्मे र यही त्रास बेचेर उनीहरूले घरघडेरी जोडे अनि छोरा-छोरी विदेश पठाए । पहिले कृष्णभीरमा पहिरो जाँदा पसलमा पहिलेदेखि थुप्रेका तरकारीहरूको भाउ पनि एकाएक बढ्ने गर्थ्यो, यो पटक पनि संकटको हल्लाले गोदाममा भएका सामानहरूको भाउ एकाएक बढ्यो । अब फाइदा हुने संकटको धेरै कुरा किन नगर्ने त ?

**किन नेपाल श्रीलंकाजस्तो होइन ?**

श्रीलंकामा संकट विदेशी ऋण तिर्न नसकेर उत्पन्न भएको हो । आफ्नो विदेशी मुद्राको सञ्चिति (फरेन एक्सचेन्ज रिजर्भ) ले ऋणको अर्को किस्ता बुझाउन सक्ने अवस्था छैन । श्रीलंकाले चीन, जापान, युरोपसहित धेरैतिरबाट धेरै ऋण लिएको छ । त्यो पनि धेरैजसो ब्याज बढी भएको ऋण । नेपालको अवस्था त्यस्तो छैन । हाम्रो अहिलेको रिजर्भ तीन वर्षको साँवाब्याज धान्ने अवस्थामा छ । हाम्रा ऋणहरू पनि धेरै कम ब्याजवाला हुन् । यसै गरी, नेपालमा संकटको डम्फु बजाउनेहरूले हामीसित साढे छ महिनाको आयातको रिजर्भ मात्र छ भन्ने गर्छन् । नेपालस्थित विश्व बैंकका अर्थशास्त्री एलिस ब्रुक्सले यो कुनै चिन्ताजनक स्थिति होइन भनेर भने र लेखे, साढे पाँच महिनाको हाराहारीमा रहेर घटेर जाने रिजर्भको चिन्ता गर्नुपर्छ । अब यो कुरामा कसको चासो ? मिडियामा पनि त यस्तो सकारात्मक खबरले न बिक्री बढाउने गर्छ न भ्यु ? नेपालीहरूको बानी पनि गज्जबकै छ । हामी आफ्नो देशको तुलना होस् वा निजी जीवनको, नराम्रो गरिरहेकोसितै गर्न रुचाउँछौं ।

**भारतीय सञ्चारमाध्यमको चीनविरोधी प्रचार-प्रसारमा फस्यो नेपाल**

नेपालको श्रीलंकासितको यस्तो तुलना धेरैजसो भारतका सञ्चारमाध्यमहरूले गरेका हुन् । र तिनै समाचार संसारका सञ्चारमाध्यमले फैलाएका छन् । चीनलाई होच्याउने र सोसँग नेपाललाई जोड्ने कुनै कुरा भेटे भारतीय सञ्चारमाध्यमहरू चुक्दैनन् । विडम्बना के हो भने, श्रीलंकाको ऋण समस्यामा चीनको ऋण त दस प्रतिशत मात्र छ । जापान र युरोपेली बोन्डहरू त्योभन्दा धेरै छन् । तर भारतीय सञ्चारमाध्यमहरूले यो समस्या फुक्न छाडेनन् । भारतका प्रमुख सञ्चारमाध्यमहरूले त फुक्न थाले भने युट्युबे र ह्वाट्सएप विश्वविद्यालयको झन् के कुरा ? अब नेपालमा नराम्रो समाचार सेयर गर्न पुरस्कार किन चाहियो र, जान्नु न बुझ्नु फेसबुकको भित्ता यस्तै गलत समाचारहरूले भर्न थालियो र विभिन्न माध्यमद्वारा झुटो खबर फैलिन थाल्यो । हिन्दीमा आउने समाचारलाई पढ्न र फैलाउन पनि सजिलो । विश्व बैंक, आईएमएफ र अन्य संस्थाका रिपोर्टहरू कसले पढिरहोस !

**महँगो पार्टीका लागि पैसा छ, रिसर्चका निम्ति छैन**

नेपालमा रिसर्च र विश्लेषणको कमी छ । स्वर्णिम वाग्ले, चन्दन सापकोटा, समीर खतिवडाबाहेक गहन रिसर्च गरेर विश्लेषण गर्नेहरू त्यति छैनन् । पत्रपत्रिका हेर्ने हो भने नाममा 'भूतपूर्व' झुन्डिएकासितका अन्तर्वार्ताहरू । लाग्छ, नेपालमा नाममा 'भूतपूर्व' झुन्डिएको छैन भने केही पनि नजानेको कोटिमा परिन्छ । धेरैजसो देशमा निजी क्षेत्रका, विशेष गरी बैंक र वित्तीय संस्थाहरूमा राम्रो रिसर्च विभाग हुने गर्छ । तर नेपालमा खर्बौंको भ्यालु भएका बैंकहरूमा पनि त्यो क्यापासिटी छैन ।

भोजभतेर गर्न करोडौं खर्च गर्न सक्ने बैंक र वित्तीय संस्थाहरूले एउटा ढंगको रिसर्च डिपार्टमेन्ट किन राख्न नसकेका वा यस्तो काम गरिरहेको संस्थालाई किन सहयोग नगरेका होलान् ? वासलात नै पढ्न नजान्नेहरूको बिगबिगी रहेका बैंकहरूका अहिलेका बोर्डहरूले रिसर्चको महत्व के बुझ्न सक्थे भन्ने गरिएको पनि सुनिन्छ ।

**सिन्डिकेटहरूलाई किन भयावह स्थिति फाइदाजनक छ ?**

नेपालमा व्यवसाय भनेकै समयको फाइदा लिएर पैसा कमाउनु हो । यो काम संकटको आडमा त हुने भयो नै । हामीले हाम्रो एउटा अन्तर्राष्ट्रिय क्लाइन्टका निम्ति, सरकारले ठूलो हल्ला गरेर आयात बन्द गरिदिनाले कसलाई फाइदा भएको छ भन्ने विश्लेषण गरेर रिपोर्ट गर्‍यौं । जस्तै, आयात बन्दको त्यो सूचीमा 'लेज' चिप्स र 'कुरकुरे' भनेरै तोकिएको छ । यसो गर्नाले नेपालमा नक्कली रूपमा उत्पादन गरिएका, 'कुरकुरे' र 'लेज' को जस्तो प्याकिङ गरिएका चिप्स बेच्न सजिलो भएको छ । ठूलठूला व्यापारीको संलग्नतामा यस्तो सूची तयार हुन्छ । हुन पनि चुनावी माहोल छ । चन्दा सित्तैंमा त लिन भएन । हामीले यस्तै प्रकारले प्रत्येक जिनिसको विश्लेषण गरेका छौं । अब निर्माण व्यवसायी महासंघले पनि निर्माण रोक्ने घोषणा गरी नै सकेको छ र यसको पछि पनि कुनै रहस्य छ । यो सबमा विभिन्न संघसंस्थाको सिन्डिकेटे प्रवृत्ति छर्लंग हुने गर्छ । अब निजी क्षेत्रका संघसंस्थाको कुनै पदमा उठ्न खर्च गर्ने पैसा त उठाउनैपर्‍यो र त्यो आफ्नो सरोकारको राजनीतिकर्मीलाई पनि बाँड्नैपर्‍यो । अनि यो संकटलाई ठूलो रूपमा प्रस्तुत नगरी पैसा कसरी बनाउने त !

**पैसा बैंकमा मात्र छैन**

अस्ति भर्खरकै कुरा, एक मित्र एउटा बैंकमा बीस करोडको ऋणको कुरा गर्न गएका थिए । उनलाई त्यहाँका म्यानेजरले भनेछन्, 'हेर्नोस्, बैंकमा त पैसा छैन; ब्याज अलिक बढी तिर्ने हो भने मेरो साढुभाइको एउटा सहकारी छ ।' उनले बुझ्दा, चौबीस प्रतिशत ब्याज दिने हो भने, दुई घण्टामै बीस करोड तयार हुने रहेछ । कालीमाटी, न्युरोडमा दिनहुँ जम्मा गरिने पसलेहरूको बचतमा कमी आएको छैन, तर सहकारीमा ब्याज बढी छ । अनि किन बैंकमा आउनु ? नेपालबाहिरबाट आउने पैसामध्ये दस खर्ब बैंकिङ र औपचारिक माध्यमबाट आउने गरेको अनि अनौपचारिक रेमिटेन्स पनि त्यति नै भएको नेपाल इकोनोमिक फोरमको प्रतिवेदनमा उल्लेख छ । सरकारले ब्याज १२.५ प्रतिशत पुर्‍याए पनि हुन्डीको रेटलाई जित्न सक्दैन । साथै नेपालमा एक वर्षमा घूसको पैसा मात्रै दस खर्ब हुने गरेको छ । त्यसै त सुन र गहना पसलहरू बढेका होइनन्, जग्गाको मूल्य पनि त्यसै अकासिएको होइन । यही घुसको पैसाले अनौपचारिक तरलता प्रदान गरिरहेको छ । नत्र अहिलेसम्म केही बैंकहरू त डुबिसक्नुपर्ने ।

**अर्थतन्त्र बन्यो राजनीतिक भकुन्डो**

नेपाल राष्ट्र बैंकका गभर्नरलाई कारबाही गरेर अर्थमन्त्री र प्रधानमन्त्रीले अर्थतन्त्रलाई फुटबल ठानेर गोल गरेझैं आनन्द लिए । तर आईएमएफको कडा चेतावनी पनि आयो र सर्वोच्च अदालतले पनि फैसला सुनायो । यो चुनावी गठबन्धन सरकारमा राजनीतिक दलहरूको फाइदाविरुद्ध उभिएकाले गभर्नरलाई कारबाही गरिएको त स्पष्ट नै देखिन्छ । विभिन्न मन्त्रालय विभिन्न दलको पकडमा छन् र मन्त्रालयलाई पैसा छाप्ने भाँडो बनाउने चलन त पहिलेदेखिकै हो, पञ्चायतकालदेखिकै । अब सेटिङ नमिलेपछि फुटबल बनाइने त भैहाल्यो । संकट छ भनेर एकअर्कालाई दोष लगाउने बाटो पनि पाइयो ।

**हाम्रो अगाडि के छ त ?**

राष्ट्र बैंकको नौ महिनाको डाटा आयो, तथ्यांक विभागले समेत नेपालीहरूको आय वृद्धि भएको भन्यो । अन्तर्राष्ट्रिय संस्थाहरूको भनाइ पनि नेपालमा संकट छैन भन्ने छ र त्यस्तो भनाइ अध्ययन र रिसर्चमा आधारित छ । भोजभतेरमा कमी आएको छैन, सामाजिक खर्च जारी छ । खोइ कहाँ छ संकट ?

तर श्रीलंकाबाट के सिक्न सकिन्छ भने, आफूले भ्रष्टाचार गरेर अरूलाई भ्रष्टाचारी भन्ने संस्कृतिलाई संस्थागत गरे, दिगो विकासका विषयमा नसोचे र निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय मापदण्डमा होइन राजनीतिको आडमा चल्ने बनाए, संकट आएर भ्वाक्क हान्न समयचाहिँ नलाग्ने रहेछ ।

**साभार कान्तिपुर**

रेडियो झुलेनी
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रशारनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com
www.jhulenipost.com

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

## सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना


१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।



अनुरोधक :
सडक डिभिजन कार्यालय
जस्पुर, प्यूठान ।

## मुक्तक दोहोरी





**सञ्जीवराज जोशी**

*कञ्चनपुर*

मुक्तक १
के हेरुन त आफ्नो स्वार्थ पुरा भएपछि।
भित्रभित्रै  जालझेलका कुरा भएपछि।
जनताको सामु शिर निहुराउन चाहादैनन,
हिमाल जस्तै शिर अग्लो चुचुरा भएपछि।
मुक्तक २
पैसामा शक्तिको प्रदर्शन गर्छन् नेताहरु।
चुनाव नजिकिदा पुरै भ्रम छर्छन् नेताहरु।
ललाई फकाई जनतालाई जालमा पार्न,
सबै गाउँगाउँ बस्ती बस्ती झर्छन् नेताहरु।
मुक्तक ३
मख्ख पर्छन् टेक्दा आगन जनताहरु।
जति भने पनि सम्झिदैनन् जनताहरु।
नेताको सामु विवस भएर स्वीकार गर्दै,
खाली हुन्छ हुन्छ मात्र भन्छन् जनताहरु।
मुक्तक ४
बिकास गर्छु भन्दै झुटा आश्वासन देखाउनेहरु।
अनेक थरिका कुरा गरेर फकाउदै भुलाउनेहरु।
गलत छाप पारिसकेकाछन् सोझा जनतालाई
घरमा गएर जवर्जस्ती भोट हाल्न लगाउनेहरु।
मुक्तक ५
भोटको लागी गाउँगाउँमा अपिल गरिरहेका छन्।
जिताउछन् कि भनेर घरमा अन्न भरिरहेका छन्।
एकदिन त चिप्लो वचन नेताको पर्दाफास हुनेछ
अहिले जिताउनु मलाई भन्दै भरमा परिरहेका छन्।

**लालीमाया थापा मगर**

*नौबहिनी गाउँपालिका-२,*
*लिघा प्यूठान*

मुक्तक १
सोच्दैनन भो केही पनि खान पाएपछि।
गनेर  पैसा   खनखनी खान पाएपछि।
एक गिलास रक्सीमा किनिन्छ जनता,
दिन्छन् भोट केही नभनी खान पाएपछि।
मुक्तक २
जे भए पनि भ्रममा न पर्नु पर्ने हो।
राम्रो मान्छे छान्न अघी सर्नु पर्ने हो।
यसरी दबाबमा पर्नु भन्दा त बरु,
जनताले नै आफु खुसी गर्नु पर्ने हो।
मुक्तक ३
मख्ख पर्छन् टेक्दा आगन जनताहरु।
जति भने पनि सम्झिदैनन् जनताहरु।
नेताको सामु विवस भएर स्वीकार गर्दै,
खाली हुन्छ हुन्छ मात्र भन्छन् जनताहरु।
मुक्तक ४
दिएर झुटो आश्वासन कतिञ्जेल टिक्ला र?
दोधार बनाएर त्यो मन कतिञ्जेल टिक्ला र?
पढेलेखेका र चलाख जनताको अगाडि,
नेताहरुको चिप्लो वचन कतिञ्जेल टिक्ला र?
मुक्तक ५
यो देशको मुहार फेर्दैनन् यहीँ त अचम्म लाग्छ।
सानाले भनेको नै टेर्दैनन् यहीँ त अचम्म लाग्छ।
अहिले घरमा आएर भोट माग्ने नेताहरुले भोली,
फर्केर समेत हेर्दा नि हेर्दैनन् यहीँ त अचम्म लाग्छ।

## कविता

जनताको ढुकढुकीमा आफ्नै नाम लेखाउनु।
जितमात्रै ठूलो होइन राम्रो काम गरेर देखाउनु।

भस्ट्चार गरि,गरि नखानु है जनता लाई ढाट्दै।
पाटी होइन बिकास हेर्नू सधै राम्रो काम आट्दै।

झरी बादल पन्छाएर तर्दै बर्खा यामको खोला।
जनमतको कदर गरि बोक्नु बिकासको झोला।


जनताले माथी पुराए आज राम्रो मान्छे भन्दै।
दुख्ख,पीडा सबको बुझ्नु असल आफू बन्दै।

गरिब दुखी सम्मान देख्नु बिकास को कामना।
आफ्नो मान घटाएर नबिक्नु अलिकति दाममा।

तेरो पाटी मेरो पाटी पाँच बर्ष सबैकुरा छोड्नु।
प्रतिपक्ष पाटिपनि एउटै माला बनाएर जोड्नु।

गाउँ छिमेक समाज हामी एउटै बोट्मा फुल्दै।
तेरि मेरी बिगत लाई सबैजना जानुपर्छ भुल्दै।

भोलि पनि जनताले तिम्रै नाम रोज्ने काम गर्नु।
अप्ठ्यारो मा जनता पर्दा सधै अघिअघि सर्नु।



**गिर बहादुर के.सी.(बिरही)**

*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान*
*हाल दुबई*

क्षमता र योग्यता लाई सक्दो सहयोग गरिदिनु।
गरिब दुखी भोको देख्दा उसको पेट भरिदिनु।

पूरा गर्नु तिमी जनताको बिश्वास अनि चाहाना।
जन प्रतिनिधि सबैमा यहीँ हो मेरो सुभ कामना।

## कविता

सरकार छ कानुन छ व्यवस्थापन छैन।
देश विकास गर्ने नेताहरुको मन छैन।

जसलाई आफ्नो सम्झेर भोट दिनुभयो,
यति बुझ्नुस् तपाईंको कुनै वचन छैन।

रुप देखाएर दुईचार कुरा सुनाउँदैमा,
रोजगार दिलाउन सक्ने लक्षण छैन।

जसले जसको जति ब्यान गरे पनि,
उसले कसैलाई सम्झिने चलन छैन।

यो कुराले प्रमाणित गर्छ कि बुझ्नु,
विगत सम्झेर वर्तमान सज्जन छैन।



**वासुदेव दनुवार**

*कमलामाई -१४ सिन्धुली*

## रोचक/प्रेरक प्रसङ्ग

# वैज्ञानिकले पहिलोपटक चन्द्रमाको माटोमा उमारे विरुवा

वैज्ञानिकहरु चन्द्रमाको माटोमा विरुवा उमार्न सफल भएका छन्। अमेरिकी अन्तरीक्ष संस्था नासाको अपोलो मिसनका क्रममा चन्द्रमाबाट ३ सय ८२ ग्राम माटो ढुंगा पृथ्वीमा ल्याइएको थियो। चन्द्रमाबाट भ्याकुम सिल्ड डिब्बामा पृथ्वीमा ल्याइएको थियो।



कम्युनिकेसन बायोलोजीमा प्रकाशित शोध अनुसार चन्द्रमाबाट ल्याइएको माटोमा पहिलोपटक फूल फुल्ने बिरुवा उमारिएको छ। यद्यपि चन्द्रमाबाट ल्याइएको माटोमा विरुवा उम्रिनको लागि पृथ्वीको हावा र पानीको आवश्यकता परेको थियो।

युनिभर्सिटी अफ फ्लोरिडाका प्राध्यापक एना लिसा पालका अनुसार पहिले पनि चन्द्रमाको माटोमा विरुवा उमारिएको थियो। तर त्यो यस प्रकारले उमारिएको थिएन। यसअघि पृथ्वीको माटोमा अलिकति चन्द्रमाको माटो मिसाएर विरुवा उमारिएको थियो। यसपटक भने केवल चन्द्रमाको माटोमा मात्रै विरुवा उमारिएको छ।

एनालिसा पल र प्राध्यापक रोबर्ट फलले नासाबाट १२ ग्राम चन्द्रमाको माटो प्राप्त गरेका थिए। अपोलो ११, १२ र १७ मिसनका क्रममा ल्याइएको माटो उनीहरुलाई दिइएको थियो। अन्ततः ११ वर्षदेखि लगातार प्रयोग गरेपश्चात् उनीहरुले चन्द्रमाको माटोमा विरुवा उमार्न सफल भएका हुन्। त्यति थोरै मात्राको माटोमा विरुवा उमार्नु सजिलो थिएन।

तर वैज्ञानिकहरुले जटिल कामलाई सम्भव तुल्याइदिएर इतिहास रचेका छन्। चन्द्रमाको माटोमा उम्रिएको पहिलो वनस्पतीको नाम आर्बिडोप्सिस हो। नासाले उसको आगामी चन्द्रमिसन अटेमिस मिसन्सको क्रममा चन्द्रमाको थप माटो ल्याउने योजना बनाएको छ। **एजेन्सी**


## गाउँपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं। हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं। पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं। ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं। वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं। विकास निर्माणका काममा जनसहभागिता जुटाऔं। छोरा र छोरीमा भेदभाव नगरौं। बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं। नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय,
भिंगृ प्यूठान

# सरकारी तलब-भत्ता नलिने झिमरुकका अध्यक्षको घोषणा

झुलेनी पोष्ट
प्यूठान

प्युठानको झिमरुक गाउँपालिकाका अध्यक्ष पितबहादुर महतारा क्षेत्रीले पाँच वर्षे कार्यकालभर सरकारी तलब-भत्ता नलिने घोषणा गरेका छन्।

शुक्रबार गाउँपालिका कार्यालयमा शपथ ग्रहणपछि उनले आफ्नो कार्यकालभर तलब-भत्ता नलिने घोषणा गरेका हुन्। 'म र परिवारको दैनिकी धान्नका लागि अहिले पनि समस्या छैन, मेरो तलब-भत्ताबापतको रकम राज्यकोषमा जाओस्, या कतै राम्रो कार्यमा लगानी होस् भनेर यस्तो घोषणा गरेको हुँ', अध्यक्ष महताराले बताए।



आफ्नो पार्टीले जितेका पालिकामा अरूले भन्दा राम्रो र जनमुखी काम गर्नुपर्छ भन्ने माओवादीको नीति रहेको पनि महताराले बताए।

राष्ट्रिय जनमोर्चाका टिकाबहादुर जीसीलाई हराएर माओवादी केन्द्रका महतारा अध्यक्षमा निर्वाचित भएका हुन्। तत्कालीन बाँदिकोट गाउँ विकास समितिका अध्यक्षसमेत रहेका महतारा पूर्व शिक्षक पनि हुन्।

# छोटकरी

## खोलामा डुबेर मृत्यु

झुलेनी पोष्ट
प्यूठान

प्युठानबाट न्वरानमा अर्घाखाँची गएका काका भतिजको खोलामा डुबेर मृत्यु भएको छ। अर्घाखाँचीको शितगंगा नगरपालिकामा माछा मार्ने क्रममा खोलामा डुबेर काका र भतिज २ जनाको मृत्यु भएको हो। शितगंगा नगरपालिका वडा नम्बर ७ र ९ को सिमानामा पर्ने शितखोलामा माछा मार्ने क्रममा खोलामा डुबेर प्युठान नौबहिनी गाउँपालिका वडा नम्बर ८ फोप्लीका ५० वर्षीय नुमाराम घर्ती र उनका दाजुका छोरा १२ वर्षीय शमुलाल घर्तीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी नायव उपरीक्षक अम्मर बहादुर थापाले जानकारी दिए।

प्युठान फोप्लीका उनीहरु शितगंगा नगरपालिका वडा नम्बर ९ औले निवासी हिरा घर्ती पल्लीको छोरीको न्वरानको भोज खान गएका थिए। शुक्रबार राती औले गएका उनीहरु शनिबार न्वरानको भोज खाएर खोलामा माछा मार्न गएका थिए। माछा मार्न भन्दै जाल बोकेर खोलामा गएका उनीहरु खोलाको रहमा डुबेका हुन। शवको जिल्ला अस्पताल अर्घाखाँचीमा पोष्टमार्टम गरी आइतबार आफन्तको जिम्मा लगाइएको प्रहरी नायव उपरीक्षक थापाको भनाइ छ। घटनाको बारेमा थप अनुसन्धानसमेत भैरहेको प्रहरीको भनाइ छ।

# प्रश्न सोध्ने पत्रकार उत्तर दिने ठाउँमा

झुलेनी पोष्ट
प्यूठान

स्थानीय तहको निर्वाचनमा प्यूठानका ४ पत्रकारहरु निर्वाचित भएका छन्। लामो सयमसम्म पत्रकारीताबाट समाज रुपान्त्रण गर्नमा सहजता प्रदान गर्ने पत्रकारहरु स्थानिय तहको नेतृत्व समाल्ने स्थानमा पुगेका हुन्। जनताका विभिन्न समस्याहरु सरोकारवालाहरुलाई सजग बनाउनमा पत्रकारहरुको भुमिका निकै थियो। आज प्रस्न गर्ने पत्रकारहरुको नेतृत्वले जनताका समस्याहरुलाई कति सम्बोधन गर्छ भन्ने विषयमा मान्छेहरुमा चर्चा समेत चलिरहेको छ।

लामो समय पत्रकारीताबाट राजनीतिमा लागेका देवेन्द्र बर्मा प्यूठान नगरपालिकाको उप- प्रमुखमा निर्वाचित भएका छन्। त्यस्तै नेपाल पत्रकार महासंघका प्यूठानका निर्वतमान अध्यक्ष महाविर राना पनि गौमुखी गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएका छन्। लोमो समय खरो पत्रकारीता गरेका नेपाल पत्रकार महासंघकाका सदस्य प्रमोद पोखेल पनि झिमरुक गाउकापालिकाको उपाध्यक्षमा निर्वाचित भएका छन्। त्यस्तै जनताका प्रस्नहरुलाई बारम्बार सरोकारवालासंग छलफल गरी तिखा प्रस्न तेर्साउने नेपाल पत्रकार महासंघको पुर्व सह सचिव नोमराज पौडेल पनि मल्लरानी गाउँपालिकाको वडा अध्यक्षमा निर्वाचित भएका छन्।

यहाँ यो भएन, त्यहाँ यो भएन भनेर बारम्बार कुरा उठाउँने पत्रकारहरु विकास निर्माण तथा योजनाको सकृय ठाउँमा पुग्दा यिनीहरु ले केहि गर्छनकी भन्ने कुरा चोक-चोकमा चर्चा समेत हुन थालेको छ।

## नवनिर्वाचित वडाध्यक्ष श्रेष्ठद्वारा विपन्न परिवारलाई सहयोग

झुलेनी पोष्ट
प्यूठान

प्युठान स्थानीय तहको चुनावा पश्चात निर्वाचित भएका प्युठान नगरपालिका ३ बिजयनगरका नबनिर्वाचित वडा अध्यक्ष सुमनराज श्रेष्ठले पदभार गरेलगत्तै प्युठान नगरपालिका ४ का रबिन्द्र रावतको झुपडीमा पुगि केही खाधान्न सहयोग गरेका छन्। श्रेष्ठले रावतको परिवारलाई घरमै पुगि दाल, चामल, नुन, तेल लगाएत अन्य राहत सामग्री सहयोग गरेका हुन्।

रावत प्यूठान नगरपालिका ४ विजुवार स्थीत खेलकुद मैदन नजिक सानो झुपडीमा लामो समय देखि बस्दै आएका छन्। सुकुम्बासी रावतको परिवारमा रावत संगै २ छोराछोरी साथमा छन्। रावत पनि बिरामी छन्। रावतकी श्रीमती कोरोनाको कारण मृत्यू भए पछी घरमा काम गरी खान नसक्ने अवस्था छ। लामो समय देखि उनीहरु खेल मैदान नजिक बसे पनि उनको नागरीकता प्यूठान नगरपालिका ३ मा बनेको छ। आर्थिक अवस्था कमजोर भएका रावतको परिवारलई तत्कालका लागि भए पनि केहि राहत स्वरुप सहयोग गरेको श्रेष्ठले बताए। वडामा आफु निर्वाचित भए पछी सधै वडा बासीहरुको साथमा रहने श्रेष्ठको भनाइ छ।


# शिलबन्दी दरभाउ पत्र पेस गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित : २०७९/०२/०६**

एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयको ५० प्रतिशत लागत साझेदारीमा यस धान ब्लक विकास कार्यक्रम (स्वर्गद्वारी नगरपलिका ७) को लागि तपशिल सामाग्रीहरु उपलब्ध गराउन इच्छुक बिक्रेता/फर्म/कम्पनीले उपलब्ध गराउन सक्ने न्यूनतम प्रति इकाई मुल्य (भ्याट सहित) उल्लेख गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९/०२/२१ गते) भित्र आवश्यक कागजात सहित शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | सामाग्रीको विवरण | क्षमता | ब्रान्ड | यस कार्यक्रमको लागि चाहिने संख्या | प्रति इकाई मुल्य | ग्यारेन्टी/वारेन्टी भए/नभएको |
|---|---|---|---|---|---|---|
| १ | मिनी टिलर | ७ एच. पि. | चाइनेज | ३० वटा | | |
| २ | मिनी टिलर | ८ एच. पि. | चाइनेज | - | | |
| ३ | धान थ्रेसर | | चाइनेज | १ वटा | | |
| ४ | धान काट्ने रिपर (मिनी टिलरमा जोड्ने) | | चाइनेज | १ वटा | | |
| ५ | इलेक्ट्रिक स्प्रेयर | १६ लिटर | चाइनेज | ३० वटा | | |

**नोट:** रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि पेश नहुने व्यहोरा जानकारीका गराइन्छ ।

**आवश्यक सामाग्री**

- फर्म दर्ता नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि
- स्थायी लेखा नंबरको प्रमाण-पत्रको प्रतिलिपि
- आ.व. २०७७/०७८ को करचुक्ताको प्रमाण-पत्रको प्रतिलिपि
- प्रस्ताव पेश गर्नको लागि नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

**स्वर्गद्वारी साना किसान कृषि सहकारी संस्था**
स्वर्गद्वारी नगरपालिका ७ प्यूठान


## प्यूठानमा.....

र उपाध्यक्षमा ने.का.का पुर्ण प्रसाद कालाथोकी निर्वाचित भएका छन्। वडा नं. १ मा विप्लव निकटका बाम बहादुर बुढा, २ मा ने.का. का प्रकाश वली, ३ मा एमालेका धनेन्द्र कार्की, ४ मा विप्लवका डिल बहादुर घर्ती र ५ मा एमाले का दुर्गा प्रसाद आचार्य विजयी भएका छन्।

नौबहिनीको पालिका अध्यक्षमा एमालेका डिल बहादुर थापा र उपाध्यक्षमा एमालेकै विष्णा थापा विजयी भएकी छिन्। वडा नं. १ मा धन बहादुर बुढा मगर एमाले, २ मा खोपीराम घर्ति मगर मा.के, ३ मा दिल बहादुर केसी मा.के, ४ मा भिम घर्ति मगर एमाले, ५ मा दिल राज पुन मा.के, ६ मा मान बहादुर केसी ने.का, ७ मा रोम प्रसाद बुढाथोकी एमाले र ८ मा मान बहादुर केसी मा.के का निर्वाचित भएका छन्।

गौमुखी गाउँपालिकाको पालिका अध्यक्षमा नेपाली काङ्ग्रेसका विष्णु कुमार गिरी निर्वाचित भएका छन भने पालिका उपाध्यक्षमा मा.के.का महाविर राना निर्वाचित भएका छन्। वडा नं. १ मा दिल बहादुर थापा मगर ने.का., २ मा डार बहादुर राना मगर ने.का., ३ मा जंग बहादुर पुन ने.का, ४ मा धनी राम विक मा.के, ५ मा बरण ध्वज मल्ल राजमो, ६ मा मा.के.का चन्द्र बहादुर खत्री र ७ मा एमालेका कोमल पुरी विजयी भएका छन्।

राहुँ मगर राजमो, २ मा लेख बहादुर थापा राजमो, ३ मा नोम राज पौडेल एमाले, ४ मा कुमार श्रेष्ठ ने.का. र ५ मा गोपाल थापा ने.का.बाट विजयी भएका छन्।

त्यस्तै सरुमारानीमा पालिका अध्यक्षमा एमालेका झग बहादु वि.क. र उपाध्यक्षमा बसन्ता खड्का निर्वाचित भएका छन्। वडा पालिकामा १ मा नर बहादुर खत्री ने.का., २ मा भानु भक्त भुसाल एमाले, ३ भिम बहादु मर्स्यांग्री एमाले, ४ चिन्तबहादुर सोमै एमाले, ५ लक्ष्मी पल्ली मा.के. र ६ मा तिल बहादुर बुढा एमालेबाट निर्वाचित भएका छन्।

झिमरुक गाउँपालिकामा अध्यक्षमा मा.के.का पित बहादुर एमसी र पालिका उपाध्यक्षमा ने.का.का प्रमोद पोखेल निवार्चित भएका छन्। झिमरुकको वडा नं. १ मा धुर्व राज खनाल एमाले, २ मा कृष्ण प्रसाद पोखेल ने.का., ३ मा मिन बहादुर के.सी. राजमो, ४ मा सिताराम पोखेल राजमो, ५ मा दधिराम पोखेल एमाले, ६ मा धन बहादुर पुन मा.के., ७ मा कृष्ण बहादुर जिसी ने.का. र ८ मा तुलस बस्नेतले विजयी गरेका छन्।

माण्डवी गाउँपालिकामा अध्यक्षमा मा.के. का रोशन अधिकारी


झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# बाँझोपन के हो, बच्चा किन बस्दैन?

कुनै पनि दम्पतीले कम्तीमा एक वर्षसम्म नियमितरूपमा गर्भनिरोधका कुनै पनि साधन प्रयोग नगरेर यौनसम्पर्क गर्दा समेत गर्भधारण गर्न सकेनन भने त्यो अवस्थालाई बाँझोपन भनिन्छ। महिलाको उमेर ३५ वर्ष नाघेको हकमा भने सँगै भएको १ वर्ष नभनि ६ महिनासम्मको अवधिलाई लिने गरिन्छ। विश्वमा यसको व्यापकता करिब ३-७ प्रतिशत रहेको छ र विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभरमा लाखौँ दम्पतीलाई बाँझोपनले असर पारेको देखिन्छ। जसले प्रत्यक्ष असर उनिहरुको घरपरिवारमा र सिंगो समुदायमा पारेको छ। बाँझोपनले ज्यानलाई सिधै खतरा नभएकाले यसलाई स्वास्थ्य समस्याको रूपमा लिएको पाइदैन तर यसले निम्त्याउने परिणामहरूलाई भने नजरअन्दाज गर्न नसकिने अवस्था छ।



**किन हुन्छ बाँझोपन? जिम्मेवार को त?**

विभिन्न अध्ययन अनुशन्धानका अनुसार बाँझोपन गराउने थुप्रै कारणहरु छन्, त्यो चाहे महिलाको होस या पुरुषको प्रजनन् प्रणालीमा भएको समस्या। लगभग ४०-५० प्रतिशत जस्तो बाँझोपन महिलामा हुने खराबीका कारण हुन्छ, ३०- ४० प्रतिशत बाँझोपन पुरुषमा हुने खराबीले गर्दा हुन्छ, १० प्रतिशत भने महिला र पुरुष दुवैमा भएको खराबीले हुन्छ र बाँकी १० प्रतिशत भने अस्पष्टताका कारणले गर्दा हुन्छ, जसमा कुनै कारणहरु नै थाहा हुँदैनन्।

**महिलामा बाँझोपन हुने कारणहरु (४० - ५० प्रतिशत)**

महिलाको प्रजनन प्रणालीको विभिन्न अंगमा भएका समस्या डिम्बबाहिनी नली (फालोपिन ट्यूब)मा हुने खराबी जस्तै डिम्ब नलीमा हुने अवरोध, विभिन्न यौनरोगको कारणले हुने ट्यूबल रोग, पाठेघरमा हुने समस्या जस्तैः मासु पलाएको, पाठेघरको बनावटमै समस्या, डिम्बाशयमा भएको खराबी जस्तैः पोलिसिस्टिक ओभरियन सिन्ड्रोम, फोलिकुलर डिसअर्डर, इन्ड्रोक्राइन प्रणालीमा भएको समस्या मुख्यतः हाइपोथालामस र पिट्यूटरी ग्लान्डमा हुने समस्या लगाएत कारणले महिलामा बाँझोपन हुन सक्छ।

**पुरुषमा हुने कारणहरु (३० - ४० प्रतिशत)**

पुरुषमा प्रायःजसो शुक्रकिटमा हुने समस्याका कारण बाँझोपन हुने गर्दछ। मुख्यगरी शुक्रकिटको संख्यामा कमि हुनु नै प्रमुख कारण हो। त्यस्तै शुक्रकिटको चलायमान र यसको आकारप्रकार तथा बनावटले पनि गर्भाधानमा महत्वपूर्ण भूमिका खेल्दछन्। अण्डकोसले प्रयाप्त मात्रामा शुक्रकिट उत्पादन गर्न नसक्ने अवस्थाहरू जस्तैः टेस्टिकुलर फेलियर, भेरिकोसेल्स, केमोथेरापी मेडिकेसन। यस्तै हर्मोनल डिसअर्डर जसले गर्दा हाइपोथालामस, पिट्यूटरी ग्लान्ड एन्ड टेस्टिकल्समा हुने समस्या लगाएत कारणले बाँझोपन हुन सक्छ।

**महिला र पुरुष दुबैमा बाँझोपनको जोखिम बढाउने कारणहरु**

पुरुषमा भन्दा महिलामा जति उमेर बढ्दै जान्छ त्यति नै गर्भाधान गर्न कठिन हुन्छ। धूम्रपान तथा मध्यपानले गर्दा पनि बच्चा बस्नलाई समस्या आउन सक्छ। अत्यधिक मात्रामा हुने मोटोपनले पनि बच्चा बस्नलाई समस्या आउन सक्छ।

धेरै अथवा निकै थोरै मात्रामा गरिने शारीरिक व्यायामले बच्चा बस्नलाई समस्या आउन सक्छ। साथै विभिन्न खालका यौनरोग र त्यसले निम्त्याउने जटिलताहरूले च्चा बस्नलाई समस्या आउन सक्छ। यसैगरी मानसिक तनाव,किटनासक औषधि तथा रसायन सँगको निरन्तर सम्पर्क, विकिरण सँगको थेरापी तथा सम्पर्कले पनि बाँझोपनको जोखिम बढाइरहेको देखिन्छ। आज भोलिको मान्छेको जिवनशैली, खानपान, उनीहरुको दैनिकी, विवाह गर्नमा ढिलाई यस्ता विभिन्न कारणहरूले पनि



डा. धर्मराज रेग्मी

बाँझोपनको जोखिम बढाईरहेको देखिन्छ।

प्रजनन सफल हुन अर्थात गर्भधारण गर्न महिला र पुरुष दुवै जनाको प्रजनन अंगहरूको शारीरिक वृद्धि विकास अनि ती अंगहरुको काम गर्ने क्षमता सामान्य हुनुपर्दछ। र अर्को कुरा यो सबै सामान्य भएको अवस्थामा प्रजनन उमेर समूहको दम्पती कम्तिमा एक वर्ष सँगै र ही गर्भनिरोधका केही साधन प्रयोग नगरेर असुरक्षित तरिकाले यौनसम्पर्क गर्नु जरुरी छ। कम्तिमा एक वर्षको निरन्तर प्रयासमा पनि बच्चा बसेन भने समयमै सम्बन्धित चिकित्सककोमा गई सल्लाह लिन उचित हुन्छ।

**(रेग्मी प्रदेश अस्पताल, सुर्खेतका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ हुन्।)**

**स्वास्थ्य खबर**

# शरीरको तौल कम गर्न चाहनु हुन्छ ? यसरी लसुनको सेवन गर्नुहोस्

लसुन नेपालीहरुको भान्सामा सजिलै पाईन्छ। लसुन धेरै पौष्टिक तत्वबाट भरिपूर्ण हुन्छ। भिटामिन सी, बी ६, फाइबर, म्यागनीज, क्याल्सियम आदि तत्व लसुनको सेवनबाट प्राप्त गर्न सकिन्छ। त्यसैले लसुनलाई पावर हाउस भनिन्छ।

लसुनको सेवनले इन्फ्लेमेशन कम गर्नुका साथै रोगसँग लड्ने क्षमता बढाउँछ। लसुन मुटुको स्वास्थ्यलाई ठिक राख्न पनि लाभदायक मानिन्छ। अस्वस्थकर जीवनशैलीका कारण मानिसहरुमा अहिले मोटोपनको समस्या बढ्दै गएको छ। मोटोपन घटाउनका लागि मानिसहरुले अनेक उपायहरु अपनाउँछन्।

लसुनको प्रयोगबाट तौल कम गर्न मद्दत पुग्ने एक अध्ययनले देखाएको छ। लसुनमा पाइने केही तत्वहरुले शरीरमा भएको बोसोलाई पगाल्न मद्दत गर्दछ। लसुनमा एक एलियम नामक मुख्य तत्व हुन्छ, जुन शरीरका लागि लाभदायक मानिन्छ। यो लसुन सेवन गरेको करिब १० मिनेटपछि सक्रिय हुन्छ।

यदी तपाई शरीरको तौल कम गर्न चाहनु हुन्छ भने लसुनलाई काचो नै खानुपर्छ। एलियम नामको तत्वले लसुनको सुगन्ध पनि बढाउँछ। लसुनको सुगन्ध जति तेज हुन्छ, त्यति नै यो फाइदाजनक पनि मानिन्छ। लसुनमा एलिनेज नामको एक एंजाइम पनि हुन्छ, जसले शरीरमा रहेको बोर्सा पगाल्न मद्दत गर्दछ।

लसुनलाई विभिन्न उपायबाट तौल कम गर्ने उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ। यसका उपायहरु यहाँ उल्लेख गरिएको छः

**महसँग लसुन**

शरीरको डिक्टसीफाईका लागि लसुन र मह निकै राम्रो मानिन्छ। किनभने



लसुन र महले शरीरमा रहेको फोहोरलाई सफाई गर्न मद्दत गर्दछ।

यसको सेवनले पेट लामोसम्म भरिएको पनि महसुस हुन्छ। यी दुईको मिश्रणले भोक कम लाग्नुका साथै पाचन प्रणाली पनि राम्रो हुन्छ। तौल कम गर्न पनि पाचन प्रणाली स्वस्थ हुन निकै आवश्यक छ। तौल कम गर्न पाकेको भन्दा पनि काचो लसुन लाभदायक मानिन्छ। त्यसैले बिहान खाली पेट काचो लसुन खाए शरीरमा भएको बोसो राम्रोसँग मेटाबोलाइज गर्ने गर्छ।

**कागतीसँग लसुन**

थोरै तातो पनि लिनुहोस्। त्यसमा एक चम्चा कागतीको रस र १/२ पोटी लसुन थिचेर राख्ने र यसलाई मिसाएर पिउने। यो ड्रिंकले तौल कम मात्र नभई फ्री रेडिकल्सले हुने विभिन्न ड्यामेजबाट पनि बचाउँछ।

**खाली पेटमा लसुन**

बिहान खाली पेट लसुन या लसुन पानी खायौं भने यसको अधिक लाभ मिल्छ। किनभने पकाएको भन्दा काचो लसुन बढी फाइदाजनक मानिन्छ। बिहान २/३ पोटी लसुन पानीसँग खान सकिन्छ। घरेलु उपायबाट शरीरको तौल कम गर्न चाहनेका लागि लसुनको प्रयोग सबैभन्दा उत्तम मानिन्छ। तर यो मात्र भनेर हुँदैन। यो सँगै स्वस्थ खानेकुरा र नियमित कसरतको पनि निकै जरुरी हुन्छ।

**साइड इफेक्ट**

लसुनको सेवन धेरै फाइदाजनक छ। तर लसुनको प्रयोग सबैका लागि फाइदाजनक नहुन सक्छ। यदी कुनै व्यक्ति अस्वस्थ छ, या कुनै रोगको बिरामी छ भने चिकित्सकको सल्लाह अनुसार मात्र यसलाई आफ्नो खानामा प्रयोग गर्नुपर्छ। लसुनको अत्यधिक सेवनले पाचन सम्बन्धी समस्या या छालाको एलर्जी पनि निम्त्याउन सक्छ। त्यसैले लसुनको प्रयोग आफ्नो स्वास्थ्य अवस्था र आवश्यकता अनुसार मात्र गर्न जरुरी छ।

लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं

लैङ्गिक हिंसाको विरोध गरौं। ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं। वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं। विकास निर्माणका काममा जनसहभागिता जुटाऔं। छोरा र छोरीमा भेदभाव नगरौं। बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं। नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गर्नै होइन किवी खेती? (भाग -१)

-बबि बस्नेत
कृषि अधिकृत, सोलुखुम्बु

**परिचयः**

-किवी फल लहरामा फल्ने बहुबर्षीय, हिउँद महिनामा पात झर्ने भएकोले हिउँदे तथा पतझर फलफूल अन्तर्गत पर्दछ । किवी फलको बहुउपयोगी गुणले गर्दा संसारको सबै फलफूल भन्दा उत्कृष्ट फलको रुपमा चिनिएको छ । यो फलको खेती तथा उपभोग दर विस्तार हुदैछ। यसलाई शुरुमा चाईनिजमा गुजबेरी भनिन्थ्यो भने पछि न्यूजील्याण्डको राष्ट्रिय चरा किवीको नामबाट यस फलको नामाकरण कीवी गरिएको हो । नेपालको पूर्वी पहाडी जिल्लाहरुमा धेरै समय अगाडि देखि जङ्गली कीवी फलको बोट घाँसको रुपमा पशुवस्तुहरुलाई खुवाईने गरेको र फल अचारको रुपमा प्रयोग हुदै आएको छ। यस फललाई नेपाली भाषामा ठेकी फल भनिन्छ भने शेर्पा भाषामा फेमियाल्दो भनिन्छ । हालसम्म विश्वमा ७६ प्रकारका किवी फलका प्रजातिहरुको पहिचान भैसकेको छायस फलको उत्पत्ति स्थल चीनको याङ्जे नदिको भ्याली हो ।

**महत्व :**

-किवी फलमा मानव शरीर स्वस्थ रहनको लागि अति उपयोगी खाद्य तत्त्व धेरै परिमाणमा रहेको छाकिवी फलमा पाईने एक्टिनीडिन नामक ईन्जाईमले पाचन प्रक्रियामा सहयोग गर्दछ । यसमा प्रशस्त मात्रामा रेशा पाईने भएकोले पाचन प्रक्रिया तथा आन्द्रामा समस्या आउन दिदैन । मुटु तथा उच्च रक्तचाप, दम र डाईबेटिज रोगीका लागि यो फल अति उपयोगी



मानिन्छ। हालको बजार स्थिती विश्लेषण गर्दा सबै फलफूल भन्दा धेरै आम्दानी दिने फल मध्ये किवी फल हो। यो फल रोपेको चौथौ बर्ष देखि नै केहि आम्दानी दिन शुरु गर्दछ र प्रति बोट कम्तिमा पनि सरदर ५० केजी फल फल्दछ।

**हावापानी :**

-नेपालको सन्दर्भमा १२०० मीटर देखि माथि २४०० मीटर सम्मको उचाईमा किवी फलको खेती गर्न सकिन्छ। किवी बगैंचा स्थापना गर्नुपर्ने जग्गा धेरै उचाईमा छ भने दक्षिण तर्फ पहाडको मोहडा उपयूक्त हुन्छ । १२०० देखि १६०० मीटर उचाई भएको स्थानमा उत्तर पुर्व फर्केको मोहडा राम्रो मानिन्छ। असिना पर्ने स्थानमा यसको खेती गर्दा असिना अवरोधक नेटको प्रयोगबाट बाली जोगाउन सकिन्छ। यो फल चिसो हावापानी मन पराउंछ । फागुन चैत्र महिनामा तापक्रम बृद्धि हुदै जांदा कलिलो मुना पलाउन शुरु गर्दछ, मुनाहरुमा फूल फुल्दछ, फल लाग्न सुरु हुन्छ, हागाँहरुको वृद्धि हुन्छ र असोज कार्तिक लागेपछि बृद्धि रोकिन्छ । मंसिर पौष महिनामा तापक्रम घटन थालेपछि यसको पात झर्दछ र सुषुप्त अवस्थामा जान्छ । किवीफलको नयाँ पालुवा पलाउनको लागि चिसो तापक्रम हुनु पर्दछ। हिउँद महिनामा औषत न्यूनतम तापक्रम १३ देखि १४ डिग्री सेल्सियस र औषत अधिकतम तापक्रम १३ देखि २५ डिग्री सेल्सियस किवी खेतीको लागि उपयुक्त मानिन्छ।बार्षिक बर्षा १५०० देखि २००० मिलिमिटर र ७६ देखि ७८ प्रतिशत सापेक्षिक आद्रता कीवी खेतीको लागि उपयुक्त मानिन्छ।

**माटोः**

-किवी फलको जराहरु धेरै गहिरो नजाने जमिनको माथिल्लो सतहमा फैलिने हुँदा जरा बढनको लागि माटो हलुका हुनु पर्दछ। आवश्यक मात्रामा कम्पोष्टमल व्यवस्थापन गर्न सकेमा सबै प्रकारको माटोमा यसको खेती गर्न सकिन्छ। प्रशस्त प्राङ्गारिक पदार्थ भएको बलौटे दोमट माटो र सिंचाई तथा निकासको राम्रो प्रबन्ध भएको जमिन यसको लागि उपयुक्त हुन्छ। माटोको पि.एच. ५.५ देखि ६.५ सम्म भएको राम्रो मानिन्छ।

**किवी फलका जातहरू**

-हरियो गुदि भएका

पोथी जातहरुः हेवार्ड,एलिसन,मोन्टी,ब्रुनो र एबोट।

भाले जातहरुः मचुवा र टिमोरी

-पहेलो गुदी भएकोः जेस्पिरी गोल्ड

- रातो गुदि भएकोः रेड किवीढ(पोथी) र कोहि (भाले)

**विरुवा रोपने समय**

-किवी फल बिरुवाको हिउँद महिनामा पात झर्ने स्वभाव भएकोले हिउँदे तथा पतझर फलफूल अन्तर्गत पर्दछ। पौष र माघ महिना किवीका बिरुवा रोप्नु पर्दछ।

**बिरुवा रोप्ने खाडलको तयारी :**

-किवी फलको बगैंचा स्थापनाको लागि जमिन छनौट गरिसकेछि गरा, कान्लाको सरसफाई गरि खनजोत गर्नु पर्दछ। बिरुवा रोप्नु चार/पाँच हप्ता अघि ३ फिट लामो, ३ फिट चौडा र ३ फिट गहिरो खाडल खन्नु पर्दछ। खाडल भन्दा आधा भागको र तल्लो आधा भागको माटो छुट्टाछुट्टै राख्नु पर्दछ। बिरुवा रोपनु अघि ४० किलाग्राम राम्ररी पाकेको गोबरमल, ५० ग्राम युरिया, १०० ग्राम डिएपी र १०० ग्राम पोटास साथै उपलब्ध भए सम्म १ किलोग्राम खरानी खाडल खन्दा निस्केको माटोमा राम्ररी मिसाउनु पर्दछ। खाडल पुर्दा मल मिसाएको माथिल्लो भागको माटो तल र तल्लो भागको माटो माथि राखेर पुर्नु पर्दछ। पछि माटो बस्ने भएकोले खाडल पुर्दा जमिनको सतह भन्दा एक डेढ बित्ता अग्लो बनाउनु पर्दछ र चिनो लगाउन खाडलको बिचमा सिन्को गाड्नु पर्दछ।

**बिरुवा रोप्ने तरिका**

-किवीफलको बोटमा भाले र पोथी फुल अलग-अलग बोटमा पुल्ने भएकोले भाले र पोथी बोटको अनुपात मिलाएर रोप्नु पर्दछ। सामान्यतया ८ वटा पोथी बोटको बिचमा १ वटा भाले बोट लगाउने चलन भएता पनि ५ वटा पोथी बोटको बिचमा १ वटा भाले बोट लगाउन राम्रो मानिन्छ। पहिले भाले बिरुवा रोप्ने र भाले बिरुवालाई बिचमा पारेर पोथी बिरुवा रोप्ने । बिरुवा रोप्दा खाडलको बीचमा जरा नदोब्रिने गरी रोप्नु पर्दछ। माटोले पुर्दा बिरुवाको जोडेको भाग पर्नु हुदैन, रोपिसकेपछि फेदको माटो राम्ररी थिचेर खर पराल वा सुकेको झारपातले छापो हाली दिनु पर्छ । बिरुवालाई दह्रो गरी अड्याउन ६/७ फिट लामो बाँसको भाटोले टेको दिएर हल्का गरी बाँध्नु पर्छ। त्यस पछि माटो भिज्ने गरी पानी हाली दिनु पर्दछ।

**मलखाद व्यवस्थापन**

-किवी बोटको पातको आकार ठुलो, साना र धेरै जरा, छिटो र लगातार बढ्ने तथा धेरै फल फल्ने स्वभाव भएकोले यसलाई प्रशस्त मलखादको आवश्यकता पर्दछ । किवी फलको लागि पहिलो वर्ष प्रति बोट ३० किलोग्राम गोबरमल, १०० ग्राम युरिया, २०० ग्राम डि.ए.पी. र १५० ग्राम पोटास, दोस्रो वर्ष प्रति बोट ३० किलोग्राम गोबरमल, २०० ग्राम युरिया, ३०० ग्राम डि.ए.पी. र ३०० ग्राम पोटास, तेस्रो वर्ष प्रति बोट ६० किलोग्राम गोबरमल, ५०० ग्राम युरिया, ५०० ग्राम डिएपी र ४०० ग्राम पोटास र चौथौ वर्ष देखि ६० किलोग्राम गोबरमल, १।५ किलोग्राम युरिया, १ किलोग्राम डिएपी र १ किलोग्राम पोटास मल हाल्नु पर्दछ। सबै गोबरमल, डि.ए.पी. ,पोटास र आधा भाग युरिया बिरुवाको फेद वरिपरी खनजोत गरी गोलाकार रिङ्गमा छरेर माटोले पुरी सिंचाई गरी दिनु पर्दछ। बाँकी आधा भाग युरिया असार साउन महिना प्रयोग गर्नु पर्छ।

**सिंचाई र निकासको प्रबन्ध**

-किवीको पात ठुलो जमिनको माथिल्लो सतहमा साना र धेरै जरा तथा काण्ड नरम हुने भएकोले यसको बृद्धि र विकासका लागि माटोमा उपयुक्त चिस्यान रही रहनु पर्छ साथै बिरुवाको फेदमा पानी जम्न पनि हुदैन। बिरुवा सारे पछि तुरुन्त सिंचाई गर्नु पर्दछ । माघ, फागुन, चैत, बैशाख र जेठ महिनामा सुख्खा हुने भएकोले माटोमा चिस्यानको अवस्था हेरी प्रत्येक हप्ता सिंचाई गर्नु पर्दछ। चैत र बैशाखमा नयाँ पालुवा पलाउने र फूल फूल्ने तथा फल लाग्ने भएकोले सिंचाईको आवश्यकता हुन्छ। असार, साउन र भदौ महिनामा बढी पानी पर्ने हुनाले किवी बगैंचामा निकासको राम्रो व्यवस्था मिलाउनु पर्दछ।

**गोडमेल तथा बिरुवाको स्याहार सम्भारः**

-किवीफलको बोटको पात पौष माघमा झर्छ, यस समयमा जराहरु निस्कृय अवस्थामा रहने भएकोले यो गोडमेल गर्ने उपयुक्त समय हो।

क्रमशः.....
बाँकी अर्को हप्ता

"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

सम्पूर्ण नगरबासीमा प्यूठान नगरपालिकाको अपिल

फोहोर व्यवस्थापन सन्देश :

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाऔं ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.१000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

**अनुरोधक :**
**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**विजुवार, प्यूठान**

# भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!

नव वर्ष २०७९ सालको पावन अवसरमा श्री कालिका अंग्रेजी आवासीय माध्यमिक विद्यालय प्यूठान नगरपालिका ४ बिजुवार, प्यूठानको तर्फबाट हाम्रा समस्त अभिभावक, शिक्षक, विद्यार्थीवर्ग तथा शुभचिन्तकहरुमा सुख, शान्ती, समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै शैक्षिक सत्र २०७९ को लागि कक्षा नर्सरी देखी कक्षा ९ सम्म यहि मिति २०७९ बैशाख २२ गतेदेखी भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराउदँछौ ।

XID|FIJ Z|FT EX? M



१) दक्ष, अनुभवी शिक्षकहरुबाट पठनपाठन गराइने
२) आधुनिक प्रविधिमैत्री शिक्षणविधिको प्रयोग
३) बालमैत्री वातावरणमा पठनपाठन
४) सफा, सुन्दर र शान्त वातावरण
५) पर्याप्त खेल मैदान तथा शैक्षिक सामाग्रीको व्यवस्था
६) सुविधा सम्पन्न आवासको व्यवस्था
७) पर्याप्त सामाग्री सहितको पुस्तकालय तथा विज्ञान प्रयोगशालाको व्यवस्था
८) विद्यार्थीको लागि यातायात साधनको व्यवस्था
९) विद्यालय परिसरमै चमेना गृहको व्यवस्था
१०) मनोपरामर्शदाताद्धारा मनोपरामर्श कक्षाको व्यवस्था
११) प्रचलित नियमानुसार छात्रावृतिको व्यवस्था
१२) परिवारका ३ जना मध्ये एक जनालाई मासिक शुल्क छुटको व्यवस्था
१३) कक्षा प्रथम, द्धितिय, तृतिय हुने विद्यार्थीका लागि क्रमश मासिक शुल्कमा १००, ५० र २५ प्रतिशत छुटको व्यवस्था
१४) विविध अतिरिक्त क्रियाकलापहरुको व्यवस्था ।

**विस्तृत जानकारीको लागि सम्पर्क नम्बरहरू : ०८६४६००३४, ०८६४६०३४७, ९८४७८२०९९३, ९८४७८२१०६८, ९८६८६३८८००, ९८४७८६७६८४, ९८४७८३८५९९**

**नोटः सिट सिमित भएकाले आफ्ना बालबालिकाहरुलाई समयमै भर्ना गराउनुहुन अनुरोध छ ।**

## श्री कालिका अंग्रेजी आवासीय माध्यमिक विद्यालय

**प्यूठान नगरपालिका ४, बिजुवार ,प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान**


झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान